# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति २०८३।०३।२२

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ५९ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको वित्तिय अधिकार क्षेत्र र नगर कार्यपालिकाको मिति २०८३।०३।१६ गतेको निर्णयानुसार यस नगरपालिका अन्तर्गतका जडीबुटी, कवाडी तथां जीवजन्तु निकासी, बिज्ञापन कर तथा साप्ताहिक हाटबजारहरुको बैठकी शुल्क उठाउने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले (आर्थिक बर्ष २०८३/०८४ को लागि) तोकिएको न्युनतम दररेटमा नघट्ने गरी हाटबजारहरुको बहाल बिटौरी शुल्क (आन्तरिक आय) ठेक्का बोल कबोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि ७ दिने यो सूचना आव्हान गरिएकोछ।

ठेक्का बिबरण:-

| आय ठेक्का नं | ठेक्का बिबरण | न्युनतम ठेक्का/मुल्य अ.कर तथा अन्य कर बाहेक | शिलबन्दी बोलपत्र फारम दस्तुर | धरौटी |
|---|---|---|---|---|
| 13/BM/REV/082/083 | कृषि साप्ताहिक हाटबजार ईमिलिया बुद्धभुमि नगरपालिका वडा नं. ९ | रु.१०,०५,०००। | १०००। फिर्ता नहुने | कबोल अंकको ५% |
| 14/BM/REV/082/083 | कृषि साप्ताहिक हाटबजार गोरुसिङ्गे बुद्धभुमि नगरपालिका वडा नं. २ | रु.५,६२,०००। | १०००। फिर्ता नहुने | कबोल अंकको ५% |
| 15/BM/REV/082/083 | कृषि साप्ताहिक हाटबजार वुड्ढी बुद्धभुमि नगरपालिका वडा नं. ४ | रु.३,२२,०००। | १०००। फिर्ता नहुने | कबोल अंकको ५% |
| 16/BM/REV/082/083 | जडीबुटी, कवाडी तथा जीवजन्तु निकासी (नगर क्षेत्रभित्र उत्पादन हुने ) | रु.५,५५,७८६। | १०००। फिर्ता नहुने | कबोल अंकको ५% |
| 17/BM/REV/082/083 | बिज्ञापन कर (नगरपालिका क्षेत्रभित्र) | रु.२,१०,०००। | १०००। फिर्ता नहुने | कबोल अंकको ५% |

ठेक्काका शर्तहरु :

१. ठेक्का अवधि २०८३/०८४ को लागी हुनेछ।

२. शिलबन्दी दरभाउ खरिदकर्ताले दरभाउपत्र फाराम खरिद गर्न नेपाली नागारिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणको प्रतिलिपि वा प्यान दर्ताको प्रतिलिपि आ.व.२०८१/०८२ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता र नविकरण सहितको प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि, प्यान दर्ता प्रमाणको प्रतिलिपि पेश गरी राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

३. ठेक्काको शिलबन्दी दरभाउपत्र प्रकाशित भएको मितिले ७ औ दिन भित्र खरिद गरी ८ औ दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। सोही दिनको २:०० बजे दरभाउपत्र खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद, दर्ता तथा खोल्ने मितिमा बिदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको एन. एम. बि बैक गोरुसिङ्गे शाखामा रहेको धरौटी खाता नं.०४४००५५९९७६०००४१ मा जम्मा गरी सोको सक्कल भौचर वा बाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बैक जमानत पत्र दरभाउपत्र साथ राखी कार्यालयमा बुझाउनु पर्नेछ।

५. माथि उल्लेखित प्रत्येक ठेक्का नं.का लागी छुट्टा-छुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ ।

६. माथि उल्लेखित ठेक्का बापत नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पुर्ण करहरु दरभाउपत्र दाताले स्वयमले नै बुझाउनु पर्नेछ ।

७. दरभाउपत्र दाताले खाम बहिर पट्टी ठेक्का नम्बर, ठेक्काको बिबरण र नाम स्पष्ट बुझिनेगरी लेख्नु पर्नेछ ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट गरि लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाईनेछैन ।

१०. उल्लेखित हाट बजारबाट निस्किएको फोहोरमैलाबाट मानव स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिने गरि फोहरमैलाको उचित र प्रभावकारि व्यवस्थापन स्वीकृत दरभाउपत्र दाता स्वंयले गर्नु पर्नेछ ।

११. उल्लेखित ब्यवसायजन्य ठेक्का कारोबार गर्दा मानब स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिने गरी गर्नुपर्नेछ ।

१२. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा हाटबजारहरुको हकमा ३/३ महिनाको अग्रीम किस्ता रकम दाखिला गर्नुपर्नेछ । कवाडी र विज्ञापन कर ठेक्काको हकमा प्रथम किस्ता कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सक्कल भौचर पेश भएपछि मात्र सम्झौता हुनेछ । बाँकी ५० प्रतिशत रकम बराबरको ठेक्का सम्झौता अवधिसम्मको बैंक जमानत सम्झौता गर्दाके बखत पेश गर्नुपर्नेछ अन्यथा ठेक्का सम्झौता गरिनेछैन । दोस्रो किस्ता बापतको बाँकी ५० प्रतिशत रकम २०८४ बैशाख मसान्त सम्म अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ । छुट तथा जरिवाना सम्बन्धि व्यवस्था आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

१३. ठेक्का कबोल गर्ने ठेकेदारले बुद्धभूमि नगरपालिकाले तोकेको दरमा कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई गरि नगरपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही हुनेछ ।

१४. हाटबजार सञ्चालन गर्दा अत्यावश्यकीय रुपमा पालना गर्नुपर्ने स्वास्थ्य मापदण्ड पालना गराउने, दुरी कायम गरी बेचबिखनको प्रबन्ध मिलाउने दायित्व सम्बन्धित ठेकेदार र उक्त हाटबजारमा पसल सञ्चालन गर्नेहरुको रहनेछ ।

१५. ठेक्कासँग सम्बन्धित दररेटहरु बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन,२०८३ हुनेछ ।

१६. यस नगरपालिका कार्यालयलाई तिर्नु पर्ने बाकी बक्यौता भएको फर्म वा व्यक्तिले पेश गरेको शिलबन्दी दरभाउ पत्र मुल्यांकनमा समावेश गराईनेछैन ।

१७. ठेक्कामा कुनै विवाद आएमा आपसी सम्झदारीमा समाधान गरिनेछ । उक्त प्रक्रियाबाट समाधान नभएमा बुद्धभूमि नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८. ठेक्का सम्बन्धी बिस्तृत जानकारी राजश्व शाखा बाट प्राप्त गर्न सकिनेछ । अन्य बिषयमा प्रचलित ऐन, नियम तथा दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

१९.यस सूचनामा लेखिए वाहेकका प्रचलित कानूनमा उल्लेख भएमा बिषयहरु सोही कानून अनुसार हुने छ ।

२०. ठेक्का स्वीकृत गर्ने/नगर्ने निर्णय गर्ने सम्पुर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयलाई हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत